**पनौती नगरपालिका**

**सूचनाको हक सम्बन्धि ऐनको दफा ५(३) संग सम्बन्धित**

**२०७६.०७७(श्रावण -असोज)**

**1. निकायको स्वरुप र प्रकृति**

- पनौती नगरपालिका नेपालको राजधानी काठमाण्डौ देखि दक्षिणपुर्वतर्फ ३२ कि.मिकोदुरीमा पर्दछ । बि.सं २०७३ फागुन २७ मा पनौती नगरपालिका साविकको अवस्थाबाट पुर्नसंरचित भई बि.स. २०५३ माघ ११ मा एकिकृत भएका पनौती, खोपासी,मल्पी,टौखालदेवीस्थान,सुन्थान सारदा र सुब्बागाउँ, रयाले, कुशादेवी,कलाँती भुमिडाँडा र बल्थली गाविसका पुरै भाग लगायत शारदा बतासेको वडा नं. ३,४ र ९ एवं शंखुपाटीचौर गाविसको वडा नं.४ समावेश भई विविधतायुक्त बृहत स्थानीय तहका रुपमा पनौती नगरपालिकाको गठन भएको छ । प्राकृतिक सम्पदा एवं पुरातात्विक दृष्टिले महत्वपूर्ण यस नगरपालिका विश्व सम्पदा सूचीमा सुचिकृत गर्नको लागि प्रस्तावित छ । मठमन्दिर एवं पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण प्राचीन पनौती शहर वि.स. १८२० साल कार्तिक १० गते पृथ्वीनारायण शाहको विजय अभियानसंगै नेपाल राज्यमा एकीकरण भएको थियो ।
- **सिमाना**
  - **पुर्व**ःधुलिखेल नगरपालिका
  - **पश्चिम**ःललितपुर जिल्ला र भक्तपुर जिल्ला
  - **उत्तर**ःबनेपा नगरपालिका र भक्तपुर जिल्ला
  - **दक्षिण**ःबेथानचोक गाउँपालिका र ललितपुर जिल्ला

**2. निकायको काम, कर्तव्य र अधिकार**

- नेपालको संबिधान लगायत स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमका कामहरु सोहि अनुसार तोकिएको कर्तव्य तथा अधिकारहरू ।

**3. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**

- १३७(पाँचौं नगर सभाबाट) जनाको कूल दरबन्दी स्वीकृत भई काम गर्दै आएकोमा



पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलान्चोक, ३ नं. प्रदेश, नेपाल

इन्द्रप्रसाद अधिकारी
बरिष्ठ प्रशासकीय अधिकृत

❖ स्थायी : ६३

❖ करार : ५३

❖ रिक्त : २१

**4. निकायबाट प्रदान गरिने सेवा**

- स्थानीय सरकार संचालन ऐन २०७४ ले तोके अनुसारका विकास निर्माण,सिफारिश,कर दस्तुर संकलन लगायतका अन्य कार्य तथा सेवाहरु

**5. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

- नगरकार्यपालिकाबाट नगर कार्यपालिका कार्य विभाजन नियमावली स्वीकृत गरि स्थानीय राजपत्र प्रकाशन भएको/उक्त राजपत्रमा विषयगत शाखाहरुको व्यवस्था सहित शाखागत कार्यविवरणको स्पष्ट व्यवस्था भएको र सोहि व्यवस्थाको अधिनमा रही शखागत जिम्मेवारी तोकी सो अनुसारको कार्यसम्पादन हुँदै आएको छ ।

**6. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

- नागरिक वडापत्र प्रत्येक वडामा राखिएको र सोको विवरण Website मा समेत अध्यावधिक गरिएको छ ।

**7. निर्णय गर्ने प्रक्रिया र अधिकारी**

- वार्षिक कार्यक्रम तथा बजेट नगरसभाले स्वीकृत गर्ने गरेको ।
- नगरसभाबाटसैद्वान्तिक रुपमा स्वीकृत बजेट तथा कार्यक्रम विस्तृत रुपमा नगरकार्यपालिका बैठकले स्वीकृत गर्ने गरेको ।
- स्वीकृत कार्यक्रमको कतिपय अंशहरु थप निर्णय हुनुपर्दा नगरप्रमुखको निर्णयानुसार हुने गरेको ।
- कतिपय स्वीकृत कार्यक्रमहरु शाखागत उठानका आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय हुने गरेको ।

**8. गुनासो सुन्ने अधिकारी**

- वरिष्ठ प्रशासकीय अधिकृत इन्द्र प्रसाद अधिकारीलाई तोकिएको।

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक ३ नं. प्रदेश नेपाल



इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

9. सम्पादन गरेको कामको विवरण

- प्रशासन तर्फ :

❖ पनौती नगर कार्यपालिकाको विभिन्न मितिमा भएको बोर्ड बैठकवाट भएका निर्णयहरु कार्यान्वयनका लागि सम्बन्धीत शाखा, कार्यालय र तालुक मन्त्रालयमा पत्राचार गरिएको ।

❖ यस अवधिमा कार्यपालिको ९ वटा वैठक सम्पन्न र सो बैठकमा भएका महत्वपूर्ण निर्णयहरु :

✓ VISIT NEPAL 2020 का लागि समिति गठन सम्बन्धमा

✓ फोहरमैला ब्यवस्थापन सम्बन्धमा

✓ कपालकोट क्षेत्रको खाल्डो पुर्ने सम्बन्धमा

✓ जग्गा विकास निर्देशिका सम्बन्धमा

✓ सडक मर्मतको भुक्तानी सम्बन्धमा

✓ बालमैत्री स्थानीय शासन सम्बन्धी

✓ स्वास्थ्य केन्द्र स्तरोन्नती सम्बन्धी

❖ होमस्टे संचालन कार्यविधि २०७६ अनुसार होमस्टे संचालकहरुले होमस्टे संचालन गर्न बिभिन्न वडाको ४ वटा फायल यस कार्यालयमा दर्ता गरेकोमा ४ वटैलाई होमस्टे संचालन प्रमाण–पत्र दिई सकीएको ।

❖ "घ" बर्गको इजाजत–पत्रसम्बन्धी नयाँ दर्ता १ र नविकरण १९ वटा गरि जम्मा २० वटा कार्य सम्पन्न गरेको ।

❖ ढुंगा खानी सम्बन्धी ११ वटा फाइल नविकरण गरेको ।

❖ कर्मचारीहरु सम्बन्धी दैनिक कामको सम्पूर्ण फाइल अपडेट गरेको ।

❖ कर्मचारीहरु सँग सम्बन्धीत प्रशासनीक कार्य सम्पन्न गरिएको ।

❖ विभिन्न संघ संस्था संग समन्वय गरिएको ।

❖ नगर प्रमुख भिम न्यौपाने द्वारा मित्रराष्ट्र चिनको कुन्मीन शहरमा अध्ययन तथा अवलोकन भ्रमण गरिएको साथै दक्षिण कोरियाको गोन्जावो



पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती ... नेपाल

इन्द्रप्रसाद अधिकारी
बरिष्ठ प्रशासकीय अधिकृत

महानगरपालिका 9th World Human Rights City Forum कार्यक्रममा सहभागी हुनुभएको ।

- सूचना प्रविधि तथा संचार तर्फ
  - ❖ राष्ट्रिय सूचना आयोगको वेबसाइटमा पनौती नगरपालिकाको सूचना अद्यावधिक तथा सुचनाको हक सम्बन्धि त्रैमासिक प्रतिवेदन तयारी
  - ❖ नगरपालिकामा भएका विभिन्न गतिविधिहरु सामाजिक संजालमा अपलोड
  - ❖ नगरपालिकाको वेबसाइट अद्यावधिक
  - ❖ विभिन्न निकायबाट माग भए बमोजिमका विवरण सोहि अनुसार उपलब्ध गराइएको

- <u>आर्थिक प्रशासन तर्फ</u>
  - ❖ कुल आम्दानि : ३९,५३,३१,१७४।०७ (गत आ.व.को मौजदात अ.ल्या.समेत)
  - ❖ राजश्व असुली : ९,५१,४१,१०७।५५
  - ❖ कुल खर्च : १०,५७,१९,९११ ।-

- <u>बालबालिका तथा महिला तर्फ</u>
  - ❖ ज्येष्ठ नागरिक परिचयपत्र वितरण -१३४ वटा
  - ❖ अपाङ्गता परिचयपत्र वितरण समन्वय समितिको बैठक - १ पटक
  - ❖ अपाङ्गता परिचयपत्र वितरण-
    - ✓ रातो कार्ड :२४ जना
    - ✓ निलो कार्ड :१३ जना
    - ✓ पहेलो कार्ड :२७ जना
    - ✓ सेतो कार्ड :६५ जना



पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलान्चोक, ३ नं. प्रदेश, नेपाल
२०७३

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

- <u>कृषि तर्फ</u>

| सि.नं | कार्यक्रम | इकाई | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १ | स्थलगत तालिम संचालन | संख्या | ३२ | |
| २ | धान चुट्ने मेसिन (थ्रेसर) वितरण | संख्या | १ | |
| ३ | ३ दिने नगरस्तरीय तालिम संचालन | संख्या | ३ | |
| ४ | अलैची नर्सरी स्थापना कार्य | पटक | १ | |
| ५ | तरकारी मिनिकिट | पटक | १ | |

- <u>पशुपंक्षी तर्फ</u>

| सि.नं | कार्यक्रम | इकाई | परिणाम | कैफियत |
|---|---|---|---|---|
| १. | हिउदे घास (जै) को विउ वितरण | के.जी. | ४५०० | |
| २. | सामुदायिक तथा घर पालुवा कुकुरहरुलाई रेविज विरुद्धको खोप | गोटा | २५० | |
| ३. | सामुदायिक कुकुरहरुलाई वन्ध्याकरण | गोटा | १०० | |
| ४. | विश्व पशुपन्छी दिवस मनाउने | पटक | १ | |
| ५. | विश्व रेविज दिवस मनाउने | पटक | १ | |
| ६. | भैसिको सुत्केरी भत्ता वितरण | रु. | ३,५०,०००\|- | |
| ७. | स्वस्छ मासु उत्पादन सम्वन्धी फ्लेक्स प्रकासन तथा वितरण | गोटा | ५० | |
| ८. | मासु पसल अनुगमन | पटक | १ | |
| ९. | मासु पसल अनुगमन | पटक | १ | |
| १०। | पशु पालन सम्वन्धी स्थलगत तालिम | पटक | १२ | |

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

- **सामाजिक बिकास शाखा**
  - ❖ पनौती नगरपालिका क्षेत्रमा जेष्ठ नागरिक, बिधवा महिला, दलित जेष्ठ, अपांगता भएका नागरिकहरु तथा दलित बालबालिका समेत लाई बितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ताको किस्ता (०७६ श्रावण देखि ०७६ कार्तिक) को रकम बिजया दशमी २०७६ लाई लक्षित गर्दै बितरण गरिएको ।
  - ❖ ३५ बर्ष पुरा भएका अविवाहित एकल तथा सम्बन्ध बिच्छेद भएका महिलालाई बितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ताको किस्ता (०७६ श्रावण देखि ०७६ कार्तिक) को रकम बिजया दशमी २०७६ लाई लक्षित गर्दै बितरण गरिएको ।
  - ❖ बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने सम्बन्धमा देहाय बमोजिमको कार्यक्रमहरु सम्पन्न गरिएको
    - ✓ बाल प्रेम बिबाह तथा बाल बिबाह बिरुद्धको कार्यक्रम तथा बालबालिकालाई धुम्रपान बिरुद्धको अभियान, अन्तर्गत १२ स्थानमा सडक नाटक आयोजना गरिएको ।
    - ✓ बाल अधिकार सम्बन्धमा पनौती बहस कार्यक्रम अन्तगत Classic Speaking Fest कार्यक्रम आयोजना गरिएको ।
    - ✓ दिपावली को अबसरमा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको।
    - ✓ नगर बालमैत्री समिति तथा कार्यपालिका संग नगर बालमैत्री घोषणा तथा निरन्तरता सम्बन्धी अन्तक्रिया कार्यिक्रम आयोजना गरिएको ।
    - ✓ बालमैत्री सहजकर्ताहरु तथा सम्पर्क ब्यक्तीहरुलाई ३ दिने प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम आयोजना गरिएको ।
    - ✓ नगरस्तरिय कागजात व्यावस्थापन प्रमाणिकरण सम्बन्धी कार्यशाला कार्यक्रम आयोजना गरिएको ।
- **शिक्षा तर्फ**
  - ❖ नियमित प्रधानाध्यापक वैठक सम्पन्न
  - ❖ सामुदायिक एवं संस्थागत विद्यालय, शिक्षासेवी र विद्यार्थीहरु सम्मानित



पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलान्चोक, ३ नं. प्रदेश, नेपाल २०७३

इन्द्रप्रसाद अधिकारी वरिष्ठ प्रशासकीय अधिकृत

- ❖ कक्षा ८ को ग्रेडसिट वितरण
- ❖ शिक्षकको तलव निकासा मासिक रुपमा
- ❖ विद्यालय अनुगमन,नीरिक्षण तथा पृष्ठपोषण
- ❖ पुस्तकालय दिवस सम्पन्न
- ❖ ४०औं राष्ट्रिय शिक्षा दिवस तथा ५३ औं अन्तराष्ट्रिय साक्षरता दिवस सम्पन्न
- ❖ वालदिवस कार्यक्रम सम्पन्न
- ❖ मावि तहमा अंग्रेजी, गणित र विज्ञान विषयका दरवन्दी नभएका विद्यालयमा उक्त विषयका दरवन्दीको लागि अनुदान प्रदान गरी शिक्षक व्यवस्थापन गरिएको
- ❖ नगरस्तरिय माध्यमिक तह हाजिरीजवाफ सम्पन्न
- ❖ अंग्रेजी शिक्षकहरुका लागि तालिम कार्याशाला
- ❖ भ्रष्टाचार निवारणमा शैक्षिक संघ संस्था एवं सरोकारवालाहरुको भूमिका विषयक सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न
- ❖ संस्थागत विद्यालयका प्रिन्सिपलहरुको वैठक त्रैमासिक रुपमा सम्पन्न
- ❖ विभिन्न विद्यालयहरुले आयोजना गरेको शैक्षिक कार्य, अध्ययन अवलोकन, भ्रमण कार्यक्रममा सहभागी भएको
- ❖ सामुदायिक तथा संस्थागत विद्यालय र उमावि समेतको कक्षा थप अनुमति कार्यका लागि स्थलगत अनुगमन गरी अनुमति प्रदान
  - ✓ मल्पी इन्टरनेशनल स्कूल +२ अनुमति
  - ✓ भालेश्वर मावि +२ विषय थप अनुमति
  - ✓ लिलावती नेशनल एकेडेमी +२ अनुमति तथा विषय थप अनुमति

- **स्वास्थ्य तर्फ**
  - ❖ क्षयरोगको चौमासिक गोष्ठी -१ पटक

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती ... ३ नं प्रदेश नेपाल

... अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

- ❖ वार्षिक समिक्षा -१ पटक
- ❖ स्वास्थ्य शिविर – ५ पटक
- ❖ मासिक बैठक -३ पटक
- ❖ FCHV बैठक – २ पटक
- ❖ विपन्न सिफारिस – २४ जना
- ❖ मोतिया विन्दूको निशुल्क उपचार
- ❖ आर्थिक उपचार सहयोग २६ जना
- ❖ स्वास्थ्य कर्मचारी समायोजन सम्पन्न

- **नक्सा तथा योजना तर्फ**
  - ❖ जम्मा नक्सा पास दर्ता : ६७
    - ✓ स्थायी नक्सा पास : ९३
    - ✓ अस्थायी नक्सा पास : ४६

- **सहकारी तर्फ :**
  - ❖ सेवा केन्द्र संचालन अनुमति -३ वटा

- **न्यायिक समिति तर्फ :**

| सि. नं | विषय विवादित | न्यायिक समितिबाट सम्पादित | | |
|---|---|---|---|---|
| | | परेको अन्य समेत | फछ्यौट | बाँकी |
| १. | जग्गा विवाद | ६ | ० | ६ |
| ३. | घरायसी विवाद | ५ | १ | ४ |
| ४. | भौतिक संरचना सुरक्षा सम्बन्धमा | १ | १ | ० |
| | जम्मा | १२ | २ | १० |



पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलाञ्चोक, ३ नं. प्रदेश, नेपाल २०७३

वरिष्ठ प्रशासकीय अधिकृत

## 10. सूचना अधिकारी र प्रमुखको नाम र पद

- प्रमुख : हरि प्रसाद चापागाई - प्रमुख प्रशासकीय अधिकृत
- सूचना अधिकारी : इन्द्र प्रसाद अधिकारी - वरिष्ठ प्रशासकीय अधिकृत

## 11. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- सम्बत २०७४ सालको मापदण्ड न. १
- सम्बत २०७४ सालको मापदण्ड न. २
- पनौती नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वायन गर्न बनेको आर्थिक ऐन, २०७४
- पनौती नगरपालिकाको आर्थिक ऐन, २०७५
- पनौती नगरपालिकाको विनियोजन ऐन,२०७५
- नगर कार्यपालिकाको वैठक संचालन सम्बन्धि कार्यविधि,२०७४
- नगर कार्यपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण गर्न बनेको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका,२०७४
- नगरकार्यपालिकाको कार्यलाई विभाजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको नगरकार्यपालिका कार्य विभाजन नियमावली,२०७४
- नगर सभा संचालन सम्बन्धि कार्यविधि,२०७४
- नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण(कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली,२०७४
- नगरपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि,२०७५
- पनौती न.पा को आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन,२०७४
- पनौती न.पा बाट कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धि व्यवस्था गर्न बनेको ऐन
- पनौती न.पा को कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन



पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

- पनौती नगरपालिका स्थानीय शिक्षा ऐन २०७४
- पनौती न.पा को सहकारी ऐन,२०७४
- पनौती नगर कार्यपालिका(कार्यसम्पादन) नियमावली,२०७५
- एफ.एम रेडियो(व्यवस्थापन तथा संचालन)कार्यविधि,२०७५
- 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि,२०७५
- नगर शिक्षा समिति कार्यविधि,२०७५
- टोल विकास संस्थाको कामलाई व्यवस्थित गर्न बनेको कार्यविधि,२०७५
- सुशासन प्रवर्धन रणनैतिक योजना , २०७५
- नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि,०७५
- अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५
- नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन , २०७५
- होमस्टे संचालन कार्यविधि २०७६

**12. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

- प्रत्येक वडाले आम्दानी र खर्चको मासिक विवरण वडाको सूचनापाटीमा टास्ने गरेको र सोको विवरण न.पा मा समेत पठाउने गरेको
- बार्षिक रुपमा प्रकाशन गर्ने गरेको
- आन्तरिक लेखा परिक्षकको व्यवस्था रहेको
- बार्षिक लेखा परिक्षण गर्ने गरेको
- मासिक रुपमा आय व्यय विवरण सार्वजनिक गर्ने गरेको

**13. तोकिए बमोजिमका अन्य विवरण**

- पत्रकार तथा सरोकारवाला निकायले माग गरे बमोजिम अन्य सूचनाहरु समेत उपलब्ध गराउने गरेको

**14. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालनगरेको भए सोको विवरण**



पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलाञ्चोक, ३ नं. प्रदेश, नेपाल

कुन्दप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

- गत आ.व. मा नगर सभाले स्वीकृत गरेको अधिकांस योजना तथा कार्यक्रमहरु सम्पन्न भएका र तत् सम्बन्धि कार्यक्रम Website मा विस्तृत रुपमा राखिएको जसमध्ये अधिकांश सडक निर्माण योजना रहेको ।

**15. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण**

- www.panautimun.gov.np

**16. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण**

- -

**17. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

- सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम Website मा विस्तृत रुपमा राख्ने गरेको (बुंदा नं. १४ अनुसार नै)

**18. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

- -

**19. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय**

- यस अवधिमा निवेदन नपरेका केहि समसामायिक विषयमा मौखिक सूचना माग भई उपलब्ध भएको(सडक मापदण्ड,होमस्टे दर्ता,व्यवसाय दर्ता नक्सापास )

**20. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

- नगरबासी संग सम्बन्धित सूचना पत्र-पत्रिका,रेडियो,Website,Facebook Page,Twitter,हाते पर्चा,सार्वजनिक स्थलमा टाँस गरि सूचना प्रदान गर्ने गरेको

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय

२०७८/०५/०२

उपेन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत